बैंठक संख्याः- ३४

आज मिति २०८२/०९/२३ गते सोलुदुधकुण्ड नगरपालिकाका नगरप्रमुख श्री नाम्गेल जाङ्बु शेर्पाज्यूको अध्यक्षतामा तपसिलका नगरकार्यपालिकाका पदाधिकारीज्यूहरुको उपस्थितिमा नगरकार्यपालिकाको बैंठक बसि तपसिल वमोजिमको निर्णय गरियो ।

तपसिल

| सि.नं. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री नाम्गेल जाङ्बु शेर्पा | नगर प्रमुख | |
| २. | श्री गान्धी माया तामाङ | नगर उप- प्रमुख | |
| ३. | श्री टुक्की शेर्पा | प्रमुख प्रशासकीय अधिकृत | |
| ४. | श्री छोङबा शेर्पा | वडा अध्यक्ष, वडा नं. १ | |
| ५. | श्री ङवाङ ठिले शेर्पा | वडा अध्यक्ष, वडा नं. २ | |
| ६. | श्री ल्हाक्पा गेलु शेर्पा | वडा अध्यक्ष, वडा नं. ३ | |
| ७. | श्री युवास तामाङ | वडा अध्यक्ष, वडा नं. ४ | |
| ८. | श्री मिङमार तामाङ | वडा अध्यक्ष, वडा नं. ५ | |
| ९. | श्री फुर्वा ग्याल्जेन शेर्पा | वडा अध्यक्ष, वडा नं. ६ | |
| १०. | श्री सोनाम ग्याल्जेन शेर्पा | वडा अध्यक्ष, वडानं. ७ | |
| ११. | श्री पासाङ कटुवाल | वडा अध्यक्ष, वडा नं. ८ | |
| १२. | श्री धनराज तामाङ | वडा अध्यक्ष, वडानं. ९ | |
| १३. | श्री होम बहादुर मगर | वडा अध्यक्ष, वडा नं. १० | |
| १४. | श्री टंक बहादुर कार्की | वडा अध्यक्ष, वडा नं. ११ | |
| १५. | श्री पेलु लामा | नगरकार्यपालिका सदस्य | |
| १६. | श्री अन्जु श्रेष्ठ | नगरकार्यपालिका सदस्य | |
| १७. | श्री मिना खत्री बस्नेत | नगरकार्यपालिका सदस्य | |
| १८ | श्री शान्ती वि.क. | नगरकार्यपालिका सदस्य | |
| १९. | श्री कुलध्वज घर्तिमगर | नगरकार्यपालिका सदस्य | |
| २०. | श्री आङ काजी शेर्पा | नगरकार्यपालिका सदस्य | |
| २१. | श्री निर कुमार नेपाली | नगरकार्यपालिका सदस्य | |
| २२. | | | |
| २३. | | | |

# सोलुदुधकुण्ड नगरपालिका, नगरकार्यपालिकाको बैठकको प्रस्ताव तथा निर्णयहरु

मितिः- २०८२/०९/२३ गते

समयः- दिउसो २:०० बजे

स्थानः- नगरप्रमुखज्यूको कार्यकक्ष

| | | |
|---|---|---|
| १. | करार सेवाका कर्मचारीको सेवा करार नवीकरण सम्वन्धमा | सोलुदुधकुण्ड नगरपालिका अन्तर्गत विभिन्न सेवा, समूहका स्वीकृत दरबन्दीमा सेवा करारमा कार्यरत तपसिलमा उल्लेखित कर्मचारीहरूको हालसम्मको कार्यसम्पादन स्तर मूल्यांकनका आधारमा, सम्बन्धित शाखाबाट प्राप्त प्रतिवेदनहरू समेतको समीक्षा गर्दा तोकिएको जिम्मेवारी सन्तोषजनक रूपमा सम्पन्न गरेको पाइएकाले २०८२ माघ १ देखी २०८३ असार मसान्तसम्मका लागि सेवा करार नवीकरण गर्ने निर्णय गरियो ।<br>➢ मेडिकल अधिकृत आठौं -१<br>➢ सूचना प्रविधी अधिकृत -१<br>➢ जनस्वास्थ्य अधिकृत सातौं-१<br>➢ ईन्जिनियर-१<br>➢ रोजगार संयोजक-१<br>➢ पशु चिकित्सक -१<br>➢ कृषि स्नातक प्राविधिक-१<br>➢ एम.आइ. एस. अपरेटर-१<br>➢ फिल्ड सहायक -१<br>➢ महिला कार्यकर्ता-१<br>➢ उघम विकास सहजकर्ता-१<br>➢ ना.प्रा.स. (पशु)-१<br>➢ परामर्शकर्ता (आप्रवासी स्रोत केन्द्र)-२<br>➢ मनोसामाजिक परामर्शकर्ता (आप्रवासी स्रोत केन्द्र)-१<br>➢ नगर प्रहरी -४<br>➢ असिष्टेन्ट सब-ईन्जिनियर -३<br>➢ अपाङ्गता सहजकर्ता -१<br>➢ सिविआर सहजकर्ता करुणा फाउण्डेशन-२<br>➢ हेल्थ असिष्टेन्ट -२<br>➢ अ.हे.ब. -१२<br>➢ अ.न.मी. -९<br>➢ रेडियोग्राफर-१<br>➢ ल्याब टेक्निसियन-१<br>➢ ल्याब असिष्टेन्ट -२<br>➢ स्काभेटर अपरेटर-१<br>➢ व्याक हो लोडर अपरेटर-१<br>➢ रोलर अपरेटर-१<br>➢ हेभी सवारी चालक-३<br>➢ हलुका सवारी चालक-४<br>➢ कार्यालय सहयोगी -३३ (कार्यालय, वडा र स्वास्थ्य संस्था)<br>➢ सरसफाईकर्मी - ५<br>जम्मा १०० जना |

| | | |
|---|---|---|
| २. | नगरस्तरीय पोषण तथा खाद्य सुरक्षा समिति गठन सम्वन्धमा | राष्ट्रिय पोषण तथा खाद्य सुरक्षा नीति बमोजिम यस नगरपालिकामा पोषण तथा खाद्य सुरक्षा सम्बन्धी कार्यक्रमको प्रभावकारी कार्यान्वयन, समन्वय तथा अनुगमन गर्न देहाय बमोजिम नगरस्तरीय पोषण तथा खाद्य सुरक्षा समिति गठन गर्ने निर्णय गरियो ।<br>➢ अध्यक्ष- नगर प्रमुख<br>➢ उपाध्यक्ष- नगर उपप्रमुख<br>➢ सदस्य- सबै वडा अध्यक्षहरु<br>➢ सदस्य- नगरपालिकाले तोकेको २ जना महिला सदस्य<br>➢ सदस्य- प्रमुख पशु सेवा शाखा<br>➢ सदस्य-- प्रमुख शिक्षा शाखा<br>➢ सदस्य- प्रमुख स्वास्थ्य शाखा<br>➢ सदस्य- प्रमुख महिला विकास शाखा<br>➢ सदस्य- प्रमुख कृषि शाखा<br>➢ सदस्य- प्रमुख खानेपानी तथा सरसफाइ शाखा<br>➢ सदस्य- प्रमुख खानेपानी तथा सरसफाइ शाखा<br>➢ सदस्य- प्रतिनिधि स्थानीय उद्योग वाणिज्य संघ<br>➢ सदस्य- प्रतिनिधि गैर सरकारी संस्था<br>➢ सदस्य सचिव- प्रमुख प्रशासकीय अधिकृत |
| ३. | नगरस्तरीय पोषण तथा खाद्य सुरक्षा सचिवालय स्थापना सम्वन्धमा | राष्ट्रिय पोषण तथा खाद्य सुरक्षा नीति बमोजिम यस नगरपालिकामा पोषण तथा खाद्य सुरक्षा सम्बन्धी कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन, समन्वय तथा अनुगमनलाई व्यवस्थित र सुदृढ बनाउनका लागि नगरस्तरीय पोषण तथा खाद्य सुरक्षा सचिवालय गठन गर्ने निर्णय गरियो। |
| ४. | पोषण तथा पोषणमैत्री कार्यक्रमको फोकल पर्सन तोक्ने सम्वन्धमा | सोलुदुधकुण्ड नगरपालिकाको नगर कार्यपालिकाको कार्यालयबाट सञ्चालन हुने राष्ट्रिय पोषण तथा पोषणमैत्री कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन, समन्वय तथा अनुगमनलाई व्यवस्थित बनाउन आवश्यक देखिएकाले यस कार्यालयमा कार्यरत ज.स्व.नि. श्री सुवास तामाङलाई उक्त कार्यक्रमको सम्पर्क व्यक्ति (Focal Person) तोक्ने निर्णय गरियो। |
| ५. | स्वास्थ्य संस्था दर्ता कार्यविधी स्वीकृत गर्ने सम्वन्धमा | सोलुदुधकुण्ड नगरपालिकाको क्षेत्रभित्र सञ्चालनमा रहेका तथा सञ्चालन हुने स्वास्थ्य संस्थाहरूको दर्ता, अनुमति, नियमन तथा अनुगमन प्रक्रियालाई व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउन आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम यस नगरपालिकामा सञ्चालनमा रहेका तथा भविष्यमा सञ्चालन हुने सबै प्रकारका स्वास्थ्य संस्थाहरू (अस्पताल, क्लिनिक, पोलिक्लिनिक, ल्याब, नर्सिङ होम, डेन्टल क्लिनिक लगायत) को दर्ता तथा अनुमति प्रक्रिया व्यवस्थित गर्न तयार गरिएको "स्वास्थ्य संस्था दर्ता कार्यविधि, २०८२" लाई स्वीकृत गर्ने। |